नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

पत्र संख्याः-२०७८/७९
चलानी नं.:- २१८

मितिः २०७८/०९/२७

विषयः भूकम्प सुरक्षा दिवस, २०७८ मनाउने सम्बन्धमा।

श्री जिल्ला समन्वय समिति, सबै,
श्री गाउँपालिका/नगरपालिका, सबै ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको च.नं. ६५८, मिति २०७८/०९/२६ को पत्र मार्फत भूकम्प सुरक्षा दिवस २०७८ मनाउने सम्बन्धमा मिति २०७८/०९/१४ मा बसेको भूकम्प सुरक्षा दिवस २०७८ मूल समारोह समितिको निर्णय आवश्यक कार्यार्थ प्राप्त भएको सन्दर्भमा प्रस्तुत पत्र प्रेषित गरिएको छ। अतः तीव्र रुपमा विश्व परिवेश तथा नेपालमा पनि फैलिरहेको कोभिड-१९ महामारीको सम्बन्धमा नेपाल सरकारबाट भएका निर्णय/निर्देशनहरुको पालनाका साथसाथै स्वास्थ्य सुरक्षासँग सम्बन्धित मापदण्डको पूर्ण पालना गर्ने/गराउने व्यवस्थाका साथ २४ औं भूकम्प सुरक्षा दिवस (२०७८) मनाउने व्यवस्थाका लागि मिति २०७८/०९/२७ को निर्णयानुसार अनुरोध छ।

२०७८/९/२६
(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाण्डौं,
श्री सूचना तथा प्रविधी शाखाः- मन्त्रालयको वेभसाईटमा अपलोड गरिदिनुहुन ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाण्डौ
फोन: ०१-४२११०९०
Email: ndrrma@gmail.com
Website: bipad.gov.np

पत्रसंख्या: ०७८/७९
चलानी नं.: ६५८

मिति : २०७८।०९।२६

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
वातावरण तथा विपद् व्यवस्थापन शाखा,
सिंहदरबार, काठमाण्डौं।

प्रस्तुत विषयमा पत्र संख्या ०७८/७९ च.नं. २१६ मिति २०७८।०९।२५ पत्र प्राप्त भई व्यहोरा अवगत भयो । २०७८।०९।१४ गते भुकम्प सुरक्षा दिवश २०७८ मूल समारोह समितिको अध्यक्ष माननीय गृह मन्त्री बालकृष्ण खाणज्यूको अध्यक्षतामा बसेको वैठकको निर्णय र कार्यक्रम पाना २ (दुई) आवश्यक कार्यार्थ पुनः यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ।

निर्णय नं. ६: प्रदेशस्तर र पालिकास्तरमा विभिन्न कार्यक्रमहरुसहित २४ औं भूकम्प सुरक्षा दिवस, २०७८ मनाउनका लागि सबै प्रदेश सरकारहरुलाई प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र जिल्ला समन्वय समिति एवम् स्थानीय तहलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रलयमार्फत पत्राचार गर्नका लागि अनुरोध गर्ने ।

(सुस्मा पोखेल)
शाखा अधिकृत

भूकम्प सुरक्षा दिवस, २०७८ मूल समारोह समितिको मिति २०७८ पौष १४ गते बसेको बैठकका निर्णयहरु :

निर्णय नं. १: भूकम्प सुरक्षा दिवस, २०७८, मूल समारोहको कार्यक्रम ललितपुर महानगरपालिकाको पाटन दरबार स्क्वयरमा आयोजना गर्ने ।

निर्णय नं. २: उक्त भूकम्प सुरक्षा दिवस, २०७८, मूल समारोहको कार्यक्रमको प्रमुख अतिथिका रुपमा उपस्थितिका लागि सम्माननीय प्रधानमन्त्रीज्यूलाई अनुरोध गर्ने ।

निर्णय नं. ३: भूकम्प सुरक्षा दिवस, २०७८ को नारा "भूकम्पीय सचेतना, सुरक्षित संरचना ।" निर्धारण गर्ने ।

निर्णय नं. ४: भूकम्प सुरक्षा दिवसको मार्गदर्शन, २०७१ को व्यवस्था बमोजिम गठित ललितपुर महानगरपालिकाका नगर प्रमुखको संयोजकत्वमा व्यवस्थापन उप-समिति र सहरी विकास तथा भवन निर्माण विभागको महानिर्देशकको संयोजकत्वमा प्रचार प्रसार उप-समिति गठन गर्ने र उपर्युक्त उपसमितिहरुले उक्त मार्गदर्शन बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने, गराउने ।

निर्णय नं. ५: २४ औं भूकम्प सुरक्षा दिवसको नारा सहितको पोष्टर मुलुकभरका निजी, सामुदायिक तथा सरकारी विद्यालयहरुमा पठाई विभिन्न शैक्षिक एवम् चेतनामूलक कार्यक्रमहरु प्याब्सन/एनप्याब्सनलगायतका संघ-संस्थाहरुको समन्वयमा शिक्षक विद्यार्थीहरु समेतको सहभागितामा भूकम्प सुरक्षा दिवस, २०७८ विद्यालयस्तरमा मनाउन शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयलाई अनुरोध गर्ने । साथै सो दिन विद्यालयका प्रत्येक कक्षामा कम्तिमा एउटा कक्षा भूकम्प विषयमा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. ६: प्रदेशस्तर र पालिकास्तरमा विभिन्न कार्यक्रमहरुसहित २४ औं भूकम्प सुरक्षा दिवस, २०७८ मनाउनका लागि सबै प्रदेश सरकारहरुलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र जिल्ला समन्वय समिति एवम् स्थानीय तहलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत पत्राचार गर्नका लागि अनुरोध गर्ने ।

निर्णय नं. ७: जिल्ला प्रशासन कार्यालयहरुलाई भूकम्प सुरक्षा दिवस मार्गदर्शन, २०७१ को दफा ३.२ का कार्यक्रमहरु आयोजना गरी भूकम्प सुरक्षा दिवस, २०७८ मनाउनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट पत्राचार गर्ने । उक्त कार्यक्रमहरु सञ्चालन गर्न सबै जिल्ला प्रशासन कार्यालयहरुलाई केन्द्रिय विपद् व्यवस्थापन कोषबाट रु. २५०००/- (पच्चीस हजार) का दरले उपलब्ध गराउने ।

निर्णय नं. ८: उपत्यका भित्र र बाहिरका उद्योगहरुमध्ये कम्तिमा कुनै एक/एक उद्योगमा भूकम्पीय जोखिम न्यूनीकरण तथा सुरक्षित संरचना निर्माणसम्बन्धी सचेतना साथै कृत्रिम घटना अभ्यास (Simulation) कार्यक्रम सञ्चालन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मार्फत अनुरोध गर्ने ।

निर्णय नं. ९: भूकम्प सुरक्षा दिवस, २०७८ का विभिन्न क्रियाकलापहरु सञ्चालन गर्नका लागि केन्द्रिय विपद् व्यवस्थापन कोषबाट रु. ४,००,०००/- (चार लाख) भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाललाई उपलब्ध गराउने, सो रकमको खर्चको फरफारक राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट गर्ने/गराउने ।

निर्णय नं. १०: भूकम्प सुरक्षा दिवस, २०७८ का उपलक्ष्यमा निम्न बमोजिमका कार्यक्रम तथा क्रियाकलापहरु आयोजना गर्ने । यसका अतिरिक्त संघ, प्रदेश, जिल्ला एवं स्थानीय तहमा भूकम्प सुरक्षा दिवस मार्गदर्शनमा उल्लेख भएका अन्य सान्दर्भिक कार्यक्रमहरु समेत आयोजना गर्न सकिने ।